# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.....कर्मचारी प्रशासन..... शाखा)

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- १४८१

रामशाहपथ, काठमाडौं

मिति :- २०८२/१०/१९

ने.सं. ११४६ सिल्लागाः १


विषयः परिपत्र ।

उच्च सरकारी वकील कार्यालय(सबै)

जिल्ला सरकारी वकील कार्यालय(सबै)

उपर्युक्त सम्बन्धमा सर्वोच्च अदालत(पीडित राहत कोषको सचिवालय) को च.न. २४ मिति २०८२/१०/०२ को पत्र सम्बन्धमा मातहतका सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने भनि निर्णय भएको हुँदा उक्त पत्र बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ। सर्वोच्च अदालत(पीडित राहत कोषको सचिवालय) को च.न. २४ मिति २०८२/१०/०२ को पत्र यसै साथ संलग्न छ।

..............

(विश्वास तिमिल्सिना)

सहायक न्यायाधिवक्ता


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@ag.gov.np वेबसाइट: www.ag.gov.np

श्री

# सर्वोच्च अदालत

(पीडित राहत कोषको सचिवालय)

> कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।


रामशाहपथ, काठमाडौं

☎: ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं. : २०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np


पत्र संख्या : ०८२।०८३
प्राप्त पत्र संख्या र मिति :
च.नं. : २४

मिति २०८२।१०।०२

महान्यायाधिवक्ताको कार्यालय
मुल दर्ता नं.: ६१०२
दर्ता मिति: १०/१५
फाँटको दर्ता नं.:

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ,काठमाडौं।
श्री नेपाल प्रहरी प्रधान कार्यालय,
नक्साल काठमाडौं।

विषयः- निर्णय बमोजिम गर्नु गराउन हुन अनुरोध।

उपरोक्त विषयम पीडित राहत कोष सञ्चालक समितिको मिति २०८१/०८/२७ गते बसेको बैठकबाट "क्षतिपूर्ति भर्ने प्राथमिक कर्तब्य एवं दायित्व पीडकको भएको सन्दर्भमा कतिपय मुद्दामा भएको फैसला तथा आदेशहरुमा पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत तथा क्षतिपूर्तिको सम्बन्धमा प्रतिवादीहरुबाट भराईदिनु भनी स्पष्ट नखुलेको देखिन्छ। प्रतिवादी/पीडकबाट भराउनु पर्ने क्षतिपूर्ति सोझै राज्यबाट भराउने गरी फैसला तथा आदेश गर्दा कानूनी व्यवस्थाको पूर्ण पालनामा द्विविधा उत्पन्न हुन गएको हुँदा प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी समक्ष भएको वयान र अदालतमा भएको वयानहरुमा पनि प्रतिवादीको आर्थिक हैसियत, स्रोत लगायत केही कुरा नखुलाएको देखिएकोमा अब उप्रान्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ तथा विशेष ऐनमा पीडितले अन्तरिम क्षतिपूर्ति, राहत, क्षतिपूर्ति पाउने भनी स्पष्ट लेखिएका मुद्दाहरुमा अब सुरु म्याद थपकै क्रममा प्रतिवादीहरुको आर्थिक अवस्था खुल्ने गरी अनुसन्धान गर्ने निकायहरुले अभियोजन गर्ने निकाय समक्ष खुलाई पठाउने र अभियोजन गर्ने निकायहरुले पनि अदालतमा अभियोग पत्र पेश गर्दा सो कुरा खुलाउन लगाउनु भनी महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरी प्रधान कार्यालयलाई पत्राचार गर्ने" निर्णय भई सो निर्णय बमोजिम च.नं.३३ मिति २०८१।११।०६ मा महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरिएको व्यहोरा विदितै छ।तथापि हालसम्म पनि कतिपय अनुसन्धान गर्ने निकायहरु, अभियोजन गर्ने निकायहरु साथै अदालतहरुबाट समेत सो सम्बन्धमा पूर्ण रुपमा कार्यान्वयन भएको नपाइएको हुनाले उक्त विषयमा

श्री

# सर्वोच्च अदालत

(पीडित राहत कोषको सचिवालय)

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

**रामशाहपथ, काठमाडौं**
: ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं. : २०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं. :

पुनः मिति २०८२।०९।३० गते छलफल भई सो परिपत्रलाई पूर्णरुपमा कार्यान्वयन गर्न पुनश्च पत्राचार गर्ने भन्ने निर्णय भएकोले सो बमोजिम मातहतका निकायहरुमा परिपत्र गरी कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार सादर अनुरोध गर्दछु।

गजेन्द्र बहादुर सिंह
सदस्य सचिव, पिडित राहत कोषको सचिवालय
महानिर्देशक, फैसला कार्यान्वयन निर्देशनालय